# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५० सालको ऐन नं. २३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### लुम्बिनी विकास कोष ऐन, २०४२ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : लुम्बिनी विकास कोष ऐन, २०४२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२८

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐनको नाम "लुम्बिनी विकास कोष (दोस्रो संशोधन) ऐन, २०५०" रहेकोछ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **लुम्बिनी विकास कोष ऐन, २०४२ को दफा २ मा संशोधन** : लुम्बिनी विकास कोष ऐन, २०४२ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएकोछ :-

"२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "लुम्बिनी विकास क्षेत्र" भन्नाले भगवान बुद्धको जन्मस्थल लुम्बिनी तथा भगवान बुद्धको जीवनसंग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्ध रहन गएका तिलौराकोट (प्राचीन कपिलवस्तु), गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, अरौराकोट, कुदान (कपिलवस्तु), देवदह (रुपन्देही), रामग्राम (नवलपरासी) समेतका क्षेत्रहरु तथा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका अन्य क्षेत्रहरु सम्झनु पर्छ ।

तर यसरी क्षेत्रहरु तोक्दा भगवान बुद्धको जीवनसंग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्ध रहेका क्षेत्रहरु मात्र तोक्न सकिनेछ ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको लुम्बिनी विकास कोष सम्झनु पर्छ ।

(ग) "संरक्षक" भन्नाले कोषको संरक्षक सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले दफा ८ बमोजिम स्थापना भएको लुम्बिनी विकास परिषद् सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(ङ) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(च) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ ।

(छ) "कोषाध्यक्ष" भन्नाले परिषद्को कोषाध्यक्ष सम्झनु पर्छ ।

(ज) "सदस्य-सचिव" भन्नाले परिषद्को सदस्य-सचिव सम्झनु पर्छ ।

(झ) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(ञ) "समिति" भन्नाले दफा ११क. बमोजिम गठन भएको कार्यकारिणी समिति सम्झनु पर्छ ।

(ट) "योजना कार्यान्वयन समिति" भन्नाले दफा १२ बमोजिम गठन भएको योजना कार्यान्वयन समिति सम्झनु पर्छ ।

(ठ) "योजना" भन्नाले लुम्बिनी विकास योजना सम्झनु पर्छ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।"

३. <u>मूल ऐनको दफा ८ मा संशोधन</u> : मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ :-

"८. <u>परिषद्को गठन</u> : (१) कोषको उद्देश्य पूरा गर्ने सम्बन्धमा नीति निर्माण गर्ने तथा समितिलाई आवश्यक मार्गदर्शन एवं



५४५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**निर्देशन दिनको लागि कोषको सर्वोच्च निकायको रुपमा देहाय बमोजिमको एक लुम्बिनी विकास परिषद् गठन हुनेछ :-**

(क) **शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री वा राज्य मन्त्री** -अध्यक्ष

(ख) **श्री ५ को सरकारले मनोनीत गरेको व्यक्ति** -उपाध्यक्ष

(ग) **कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्लाबाट प्रतिनिधिसभामा निर्बाचित सांसदहरु मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका तीन जना सांसदहरु** -सदस्य

(घ) श्री ५ को सरकारका सचिवहरु मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका तीनजना सचिवहरु -सदस्य

(ङ) **सरकारी संस्था, गैरसरकारी बौद्ध संस्था र ख्याति प्राप्त विशिष्ट विशेषज्ञहरु मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका चारजना व्यक्ति** -सदस्य

(च) **अन्तर्राष्ट्रिय संस्थाहरुका प्रतिनिधि-हरु र मानव निर्मित सम्पदा संरक्षणमा ख्याती प्राप्त व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका चारजना व्यक्ति** -सदस्य

(छ) **श्री ५ को सरकारले मनोनीत गरेको व्यक्ति** -कोषाध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५६०

(ञ) श्री ५ को सरकारले मनोनीत गरेको व्यक्ति -सदस्य-सचिव

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी उपदफा (१) बमोजिमका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।"

४. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएकोछ :-

"९. पदावधि : (१) मनोनीत सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुन: मनोनयन हुन सक्नेछन् ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि अर्को सदस्य मनोनीत हुनेछ ।

(३) पदावधि समाप्त नहुँदै कुनै सदस्यले पद त्याग गर्न चाहेमा अध्यक्ष समक्ष राजीनामा पेश गर्नु पर्नेछ । राजीनामा स्वीकृत भएपछि त्यस्तो सदस्य आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।"

५. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को ठाउँ ठाउँमा प्रयोग भएका "सञ्चालक समिति" भन्ने शब्दहरुको सट्टा "परिषद्" भन्ने शब्द राखिएकोछ ।

६. मूल ऐनमा दफा ११क. र ११ख. थप : मूल ऐनको दफा ११ पछि देहायका दफा ११क. र ११ख. थपिएका छन् :-

"११क. समितिको गठन : (१) परिषद्को सामान्य निर्देशनमा रही कोषको सम्पूर्ण काम कारवाही सञ्चालन गर्नको लागि देहाय बमोजिमको एक कार्यकारिणी समिति गठन हुनेछ :-



५६७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) परिषद्को अध्यक्ष -अध्यक्ष

(ख) परिषद्को उपाध्यक्ष -उपाध्यक्ष

(ग) परिषद्को कोषाध्यक्ष -सदस्य

(घ) सदस्यहरु मध्येबाट अध्यक्षले मनोनीत गरेका चारजना सदस्यहरु -सदस्य

तर यसरी सदस्यहरु मनोनयन गर्दा दफा ८ को उपदफा (१) को खण्ड (ग) बमोजिम मनोनीत सांसदहरु मध्येबाट कम्तीमा एकजना मनोनीत गर्नु पर्नेछ ।

(ङ) प्रमुख, लुम्बिनी विकास योजना -सदस्य

(च) सदस्य-सचिव, परिषद् -सदस्य-सचिव

(२) समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा सदस्य-सचिवको पदावधि परिषद्को सदस्य रहेको अवधिभर रहनेछ ।

(३) समितिमा मनोनीत सदस्यहरु मध्ये कुनै सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा अध्यक्षले बाँकी अवधिको लागि परिषद्का अन्य सदस्यहरु मध्येबाट मनोनीत गर्नेछ ।

११ख. <u>समितिको बैठक</u> : (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८२

(२) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र अध्यक्ष तथा उपाध्यक्ष दुबैको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(५) समितिको बैठकले गरेको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।"

७. मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ मा रहेको "आवश्यकतानुसार" भन्ने शब्द पछि "समितिको" भन्ने शब्द थपिएकोछ ।

८. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ मा रहेका "शिक्षा तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

९. पदावधि कायम रहने : यो ऐन प्रारम्भ हुनु भन्दा अघि लुम्बिनी विकास कोष सञ्चालक समितिका सदस्यहरु यस ऐन बमोजिम गठित परिषद्को सदस्य मानिनेछन् र निजहरु साबिक बाँकी पदावधिसम्मको लागि परिषद्को सदस्यमा बहाल रहने छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. **रुपान्तर : मूल ऐनको ठाउँ ठाउँमा प्रयोग भएका "सञ्चालक समिति" भन्ने शब्दहरुको सट्टा "समिति" भन्ने शब्द राखी रुपान्तर गरिएकोछ।**

लालमोहर सदर मिति:- २०५०।७४।४

**आज्ञाले,**

**वेदव्यास क्षेत्री**

**श्री ५ को सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।